का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ फागुन २०८१,
सोमबार
24 February, 2025
Monday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अपराधको माध्यम बन्दै सामाजिक संजाल

जसरी सामाजिक संजालको प्रयोग बढ्दो छ, उस्तै गतिमा सामाजिक संजाललाई अपराधको माध्यम बनाउनेहरू पनि बढेका छन् । गृह मन्त्रालयका अनुसार सबैभन्दा धेरै मेसेन्जरमार्फत अपराध कर्म गर्नेहरू कारबाहीमा परेका छन्






**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

सामाजिक संजाल मानवहरूबीच अन्तरक्रियात्मक संवाद गर्ने थलो हो । सामाजिक संजालहरूले सूचना र अभिव्यक्तिहरू आदानप्रदान गर्ने सुविधा मात्र दिएको छैन, यसैलाई व्यापार प्रवर्द्धनको माध्यम बनाउनेहरू पनि प्रशस्तै छन् ।

जसरी सामाजिक संजालको प्रयोग बढ्दो छ, उस्तै गतिमा सामाजिक संजाललाई अपराधको माध्यम बनाउनेहरू पनि बढेका छन् ।

गृह मन्त्रालयका अनुसार सबैभन्दा धेरै मेसेन्जरमार्फत अपराध कर्म गर्नेहरू छन् । इन्स्टाग्राम, ह्वाट्सएप, टिकटकबाट अपराध गर्नेहरू पनि उल्लेख्य छन् ।

नेपाल प्रहरीको पछिल्लो ३ महिनामा सामाजिक संजालमार्फत ४ हजार ४८ वटा अपराधका कार्य भएका छन्, जसमा सबैभन्दा बढी मेसेन्जरबाट २ हजार २०७ वटा अपराध भएका गृह मन्त्रालयले जनाएको छ ।

गृह मन्त्रालयका अनुसार यो तथ्यांक साइबर ब्युरो, हेलो सरकार र सातै प्रदेशका प्रहरी कार्यालयहरूको एकीकृत विवरण हो । एकीकृत विवरणअनुसार सबैभन्दा धेरै फेसबुक मेसेन्जरबाट अपराध भएको छ । यो कारबाही भएकाहरूको विवरण हो ।

साइबर ब्युरो, हेलो सरकार र सातै प्रदेशका प्रहरी कार्यालयहरूले गरेको कारबाहीको विवरणअनुसार इन्स्टाग्राममार्फत अपराध गर्नेहरूको संख्या दोस्रो नम्बरमा छ । इन्स्टाग्राममार्फत ६४७ जनाले अपराध गर्दा तेस्रो नम्बरमा ह्वाट्सएप छ । ह्वाट्सएपमार्फत अपराध गरेको कसुरमा ५१८ जना, टिकटकमार्फत अपराध गरेको कसुरमा ४६७ जना कारबाहीमा परेका छन् ।

अन्य सामाजिक संजालबाट अपराध गरेको कसुरमा पनि कारबाही भएको छ । इ-सेवाबाट अपराध गरेको कसुरमा ८९ जना, इमेलबाट गरेको कसुरमा २७ जना र युट्युबबाट कसुर गरेकामा २२ जना कारबाहीमा परेका छन् ।

इमोबाट कसुर गरेका ७ जना, वेबसाइट ह्याक गरेको र ट्वीटरको माध्यमबाट अपराध गरेको कसुरमा ६/६ जना कारबाहीमा परेका छन् । भाइबरबाट अपराध गर्ने ४ जना कारबाहीमा परेका छन् ।

यस्तो अपराधको सिकारमा महिला धेरै परेका छन् । साइबर ब्युरोका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक संजालबाट ८ हजार ७४५ जना महिला अपराधजन्य कार्यबाट प्रभावित भएका थिए । आर्थिक वर्ष २०८०/०८१ मा ६३५ जना बालबालिका सामाजिक संजालबाट हुने अपराधजन्य कार्यबाट प्रभावित पृष्ठ २ मा

# पूर्वराजाको सन्देशले राजनीतिक तरंग

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसका दिन सार्वजनिक गरेको शुभकामना भिडियो सन्देशलाई लिएर उनका बारेमा सदनदेखि सडकसम्म चर्चा भइरहेको छ । ७ फागुन २०८१ मा शाहले आफूले राजगद्दी त्यागेको विषयलाई कमजोरी नठान्न दिएको चेतावनीयुक्त सन्देशले राप्रपा र राप्रपा नेपालले खुसीका साथ स्वागत गर्दा अन्य दलहरूले आपत्ति जनाएका हुन् ।

प्रजातन्त्र दिवसको अवसरमा शुभकामना सन्देशमा शाहले आफूहरूले राजगद्दी त्यागे पनि व्यवस्था बदलियो भन्नेहरूले जनताको अवस्था बदल्न नसकेको टिप्पणी गरेका थिए । राजसंस्थाको पुनर्स्थापना र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको मागसहित आन्दोलनमा रहेको राप्रपालाई पूर्वराजा शाहको सन्देशले बल थपेको राप्रपाका बरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले बताए ।

उनले मध्यान्हसँग भने, 'जुन एजेन्डा हामीले बोकेर राजनीतिक आन्दोलनलाई अघि बढाउँदै आएका छौं, यो सन्देशले थप सहयोग पुगेको छ । राजाले पनि राप्रपाकै एजेन्डाको अग्रभागमा देखिनुले हामी उत्साहित हुनु स्वभाविकै हो ।'

उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसहितको राजसंस्था पुनर्स्थापनाका लागि सभामार्फत सबै राजनीतिक दलहरूलाई आह्वान गर्ने पूर्वमन्त्रीसमेत रहेका नेता तामाङले बताए । राप्रापाले राजसंस्थाको पुनर्स्थापना, प्रदेश खारेजी, कार्यकारी प्रधानमन्त्री र हिन्दु राष्ट्रको एजेन्डासहित ७ वटै प्रदेशमा सभाको आयोजना गरेर आफ्ना एजेन्डालाई जनतामा स्थापित गराउने प्रयासमा छ ।

तर, राप्रपाको उक्त प्रयासलाई अन्य राजनीतिक दलहरूले अस्वीकार गरेका कारण अहिले नै यो एजेन्डाले मुर्त रूप लिन सक्ने अवस्था नरहेको राजनीतिक विश्लेषक शंकर तिवारीले बताए ।

शाहको भिडियो सन्देशको सन्दर्भलाई लिएर अरू दलका सांसदहरूले पूर्वराजालाई चुनाव लडेर राज्यको नेतृत्वमा पुग्न चेतावनी दिएका छन् । आइतबारको प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेस, एमाले र माओवादीका सांसदहरूले ज्ञानेन्द्र शाह राज्यको मुल नेतृत्वमा आउन खोजेका भए २०८४ सालमा चुनाव लडेर आउन चुनौती दिए ।

संसद्को आकस्मिक समयमा बोल्दै नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेले पूर्वराजा शाहलाई सत्तामा फर्किने इच्छा भए २०८४ सालको चुनावमा भाग लिन सुझाव दिँदै गणतन्त्रमाथिको आक्रमण स्वीकार्य नभएको बताइन् ।



सत्तामा नै फर्किने यदि चाहना छ भने टीका लगाएर वा कसैको कृपाले होइन, नागरिकले पाउने सुविधाको उपभोग गर्दै २०८४ सालको चुनावमा भाग लिने हिम्मत गर्नुस्

**ईश्वरीदेवी न्यौपाने**
**सांसद, नेपाली कांग्रेस**

'सत्तामा नै फर्किने यदि चाहना छ भने टीका लगाएर वा कसैको कृपाले होइन, नागरिकले पाउने सुविधाको उपभोग गर्दै २०८४ सालको चुनावमा भाग लिने हिम्मत गर्नुस्', उनले भनिन् ।

सांसद न्यौपानेले प्रजातन्त्र दिवसका नाममा पूर्वराजा ज्ञानेन्द्रले दिएको सन्देश आपत्तिपूर्ण रहेको टिप्पणी गरिन् ।

त्यस्तै, एमाले र माओवादीका सांसदहरूले वर्तमान व्यवस्थाको प्रयोग गरेर राज्य सत्तामा पुगेकाहरूले व्यवस्थाका विरुद्ध बोल्नु अराजनीतिक गतिविधि भएको भन्दै राप्रपाका नेताहरूप्रति आक्रोश पोखेका छन् । एमाले सांसद गोकुल बाँस्कोटा र माओवादीका सांसद माधव सापकोटाले पूर्वराजाले फेरि टाउको उठाउन खोजेका भन्दै राजनीतिमा आउने इच्छा भए चुनाव लडेर आउन आग्रह गरे ।

'यही व्यवस्थाको उपयोग गर्दै राज्यसत्तामा पुगेका साथीहरूले मरिसकेको सिनो बोक्ने कोसिस गरेर व्यवस्थामाथि संकट ल्याउन खोज्नु पृष्ठ २ मा

# ओली–मोदी भेट अप्रिलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन ।

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणको निम्तोको पर्खाइमा रहेका परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बताएकी छन् ।

भारतीय पत्रिका द हिन्दुका लागि पत्रकार सुहासिनी हैदरसँग भएको कुराकानीमा मन्त्री राणाले नेपालका प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच आगामी अप्रिलमा हुने बिमस्टेक सम्मेलनका क्रममा 'साइडलाइन' भेटवार्ता हुने आशा व्यक्त गरेकी छन् । उनले यस वर्षको मध्यमा प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो आउन सक्ने सम्भावना पनि व्यक्त गरेकी छन् ।

'प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीबीच भेट हुने र सन् २०२५ को पहिलो भागमा प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो आउने आशा छ', मन्त्री राणाले भनेकी छन् ।

ओली सरकार गठन भएपछि २ पटक भारत पुगेकी राणाको भनाइले २ देशबीचको सम्बन्धमा असहजता कायम नै रहेको संकेत द हिन्दुले गरेको छ ।

भारतबाट भ्रमणको निम्तोमा ढिलाइ हुने संकेत पाएपछि नै प्रधानमन्त्री ओलीले सन् २०२४ को नोभेम्बरमा चीनको भ्रमण गरेका थिए ।

यद्यपि, गत हप्ता मस्कटमा इन्डियन ओसन कन्फरेन्सका दौरान भारतीय विदेशमन्त्री एस. जयशंकरसँग सौहार्दपूर्ण कुराकानी भएको राणाले बताएकी छन् । उनका अनुसार जयशंकरसँग नेपाली सामग्रीको गुणस्तर क्लियरेन्स, जलविद्युत् आयोजनाको प्रगति, पोखरा र भैरहवा विमानस्थलका लागि हवाई रुटलगायत विषयमा छलफल भएको थियो ।

'२ विदेशमन्त्रीबीच प्रधानमन्त्री ओलीको भारत भ्रमणको मिति तय भएको हो ?' भन्ने प्रश्नमा राणाले 'निमन्त्रणा आउनेबित्तिकै' भारत भ्रमण गर्ने खुलाइन् । यसको अर्थ हालसम्म भारतबाट कुनै पनि औपचारिक निमन्त्रणा आएकै छैन ।

सन् २०२४ को सेप्टेम्बरमा नै प्रधानमन्त्री ओली र मोदीबीच न्युयोर्कमा भेट भएपछि पनि परम्परागत रूपमा नै दिइँदै आएको निमन्त्रणाका लागि किन यति धेरै समय लगाइयो ? भन्ने प्रश्नमा मन्त्री राणाले भारतमा जारी रहेको विधानसभा निर्वाचनको कारण देखाइन् ।

उनले भनिन्, 'सुरुमा मैले प्रधानमन्त्री मोदी निर्वाचनका लागि व्यस्त हुनुहुन्छ भन्ने सूचना पाएकी थिएँ । मलाई आशा छ, सन् २०२५ को पहिलो भागमा नै प्रधानमन्त्री ओलीले भारत भ्रमण गर्नुहुन्छ ।'

२ देखि ४ अप्रिलसम्म थाइल्यान्डमा हुने बिमस्टेक सम्मेलनमा ओली र मोदी भाग लिँदै छन् । त्यहाँ पनि उनीहरूबीच भेटघाट हुने अपेक्षा गरिएको छ ।

मन्त्री राणाले प्रधानमन्त्री ओलीको चीन भ्रमण र बीआरआईको फ्रेमवर्कमा हस्ताक्षरपछि भारतले निमन्त्रणा पठाउन ढिलाइ गरेको कुरालाई अस्वीकार गरिन् । उनले भारतले अहिलेसम्म चीनको कुनै पनि बीआरआई परियोजनाबारे औपचारिक रूपमा आपत्ति नजनाएको बताइन् । उनले बीआरआईमा हस्ताक्षर गरे पनि नेपाल असंलग्न राष्ट्र नै रहेको स्पष्ट पारिन् ।

**वैदेशिक रोजगार विशेष**

# प्रमाणबिनाका उजुरी दर्ता नगर्न संघको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन ।

नेपाल वैदेशिक रोजगार व्यवसायीले बिनाआधार र बिनाप्रमाणका उजुरीहरू दर्ता नगर्न र मेलमिलापको माध्यमबाट समस्या सहजीकरणका लागि वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीको ध्यानाकर्षण गराएको छ ।

संघका तर्फबाट आइतबार महानिर्देशक खत्रीलाई सहजीकरणका लागि ध्यानाकर्षणपत्र बुझाउँदै संघका कार्यबाहक महासचिव कर्णराज कटुवाल नेतृत्वको व्यवसायी टोलीले वैदेशिक रोजगार प्रशासनलाई सुधार गर्न विभिन्न विषयमा सुधार गरिनुपर्ने माग गरेको छ। संघले प्रमाणबिनाका आधारहीन उजुरी दर्ता गरिँदा व्यवसायीलाई हैरानी हुने वातावरण बनेको भन्दै पछिल्लो समय विभिन्न व्यक्ति तथा संस्थाका नाममा आधार र प्रमाणबिनाका उजुरीहरू दर्ता गर्ने प्रवृत्तिमा वृद्धि भएको जनाएको छ ।

प्रमाणबिनाका उजुरीले व्यवसायीहरू चेपुवा र झन्झटमा परेको भन्दै व्यवसायीहरूको हित, संरक्षण र उनीहरूको अधिकारलाई कदर गर्न पनि महानिर्देशक खत्रीको गंभीर ध्यानाकर्षण गराएको कार्यबाहक महासचिव कटुवालले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

नेपालको आर्थिक समृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका वैदेशिक रोजगार व्यवसायीहरूलाई आवश्यक नीतिगत सहजीकरण र कानुनी संरक्षण प्रदान पृष्ठ २ मा

### 'बेलायतमा मौसमी कामदारको कुनै स्वीकृति छैन'

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले बेलायतमा मौसमी कामदारको कुनै स्वीकृति नभएको भन्दै कुनै पनि प्रकारको लेनदेन नगर्न आग्रह गरेको छ ।

श्रम मन्त्रालयले केही अघि 'मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९' सार्वजनिक गरेको थियो । निर्देशिकामा श्रम सम्बन्ध कायम भएका मुलुकबाट नेपाली कामदारका लागि मागपत्र आउने देखिएमा रोजगारदाता संस्था वा सम्बन्धित मुलुकको कानुनअनुसार रोजगारदाताका तर्फबाट सहजीकरण गर्नेगरी दर्ता भएको स्थानीय निकाय वा संस्थाले मागपत्र प्रमाणीकरणका लागि तोकिएका पृष्ठ २ मा

**देशैभर आगलागीको जोखिम**

# ६३१ स्थानीय तहसँग छैन दमकल

## १ महिनामा २२ को मृत्यु, १८ करोडभन्दा बढी क्षति



आगलागीका घटनामा पहिलो चुनौती कठिन भूगोल छ । अनि, स्थानीय सरकारसँग स्रोत-साधन र जनशक्ति अभाव छ

**डा. कृष्ण भुजेल**
**डढेलोविज्ञ**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

वर्षा नभएको र चिसो घट्दै सुख्खा मौसम बढिरहेकाले अबको समय आगलागीको उच्च जोखिमको समय बनेको छ ।

अबको केही समयपछि डढेलोको जोखिम पनि उत्तिकै हुने भएकाले अहिलेदेखि नै तयारी थालिएन भने बढ्दो डढेलोको जोखिमले मानव तथा भौतिक सम्पत्तिमा ठूलो क्षति हुन सक्नेतर्फ विज्ञहरूले सचेत गराएका छन् । विज्ञहरूका अनुसार पछिल्लो १ दशकको तथ्यांक अध्ययन गर्दा नेपालमा डढेलोका कारण ठूलो जनधनको क्षति हुन थालेको छ । डढेलो मानव बस्तीमा सल्किने क्रम पनि बढिरहेको छ ।

**माघमा ४७८ घटना**

आगलागी र त्यसबाट हुने क्षति कसरी भयावह बन्दै गएको छ, १ महिनाको तथ्यांकले नै स्पष्ट पारेको छ । दैनिक रूपमा आगलागीका घटना भइरहेको प्रहरीको तथ्यांकले देखाएको छ ।

गएको माघ महिनामा देशभर ४७८ वटा आगलागीका घटना भएका छन् । नेपाल प्रहरीका अनुसार ती आगलागीहरूमा १८ करोड ४८ लाख ८१ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

प्रहरीका अनुसार विगत ५ महिनामा भएका आगलागीबाट करिब ५० करोड रुपैयाँ बराबर क्षति भएको र २९ परिवार विस्थापित भएका छन् ।

१ महिनामा भएको आगलागीका कारण देशभर ११ पुरुष, १० महिला र १ बालक गरी २२ जनाको मृत्यु भएको छ । यस्तै, आगलागीमा २६ पुरुष, ५४ पृष्ठ २ मा

# पाथीभरामा केबलकार निर्माण तत्काल रोक्न माग

काठमाडौं/मस- सांसदहरुले पाथिभरा क्षेत्रमा जनताको इच्छाविपरीत केबलकार निर्माण सुरु गरिएको उल्लेख गर्दै उक्त कार्य तत्काल रोक्न माग गरेका छन् ।

प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा आइतवार उनीहरुले जनताले केबलकार निर्माणको प्रतिकार गर्न खोज्दा झडपको वातावरण बनेकाले समाधानका लागि आइतवार नै निर्माण रोक्नका लागि सरकारको ध्यानाकर्षण गराए ।



बैठकमा सांसद सांसद राजेन्द्रप्रसाद लिङ्देनले जनताको चाहना बुझ्न नखोज्दा पाथिभारा रणमैदानमा परिणत भएको उल्लेख गर्दै एक व्यापारीको स्वार्थ पूर्ति गर्न समाजमा जनता लडाउने काम भएको टिप्पणी गरे ।

'सरकार किन अनदेखा गरेको ? मन्त्री स्तरको वार्ता गर्न सरकार किन तयार नभएको', सांसद लिङ्देनले भने,'सरकारी तवरबाटै पाथिभारा क्षेत्र व्यापारीको हातमा दिनका लागि योजनाबद्ध रुपमा काम भएको छ, सुरुमा कञ्चनजंघा संरक्षण क्षेत्रबाट पाथिभारालाई अलग गरियो, त्यसपछि व्यापारीलाई केबलकार बनाउन दिन निर्णय गरियो ।' अहिले जनताको इच्छाविपरीत राज्यशक्ति लगाएर निर्माण अघि काम बढिरहेको बताउँदै उनले जनताले उक्त धार्मिक स्थलमा केबलकार नचाहेको र प्रतिकारमा उत्रिएको जानकारी गराए ।

सांसद योगेश भट्टराईले ताप्लेजुङ् जिल्लास्थित पाथीभरा मुकुलुङ क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर केही दिनदेखि तनाव सिर्जना भइरहेको बताउँदै केबलकार बनाउने उचित हो वा होइन वार्ता र संवादबाट टुंग्याउनुपर्ने उल्लेख गरे ।

सांसद तोसिमा कार्कीले सो क्षेत्रमा केबलकार निर्माण विवादरहित बनाउनुपर्ने उल्लेख गर्दै सरकारले बल प्रयोग गरेर नभई वार्ताबाट समाधान खोज्नुपर्नेमा जोड दिइन् । साथै उनले सो आयोजनाको निर्माण तत्काल स्थगन गरेर सरोकारवाला सबैसँग संवाद गरेर समाधान गर्न सरकारसँग आग्रह गरिन् ।

सांसद माधव सापकोटाले सुशासन कायम गर्न नसक्दा नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिष्ट'मा पुगेको बताए । उनले राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङको कार्यकक्षमा दुर्व्यवहार गर्नेमाथि कारवाही नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

# द्रुतमार्गको भौतिक प्रगति ३८ र वित्तीय प्रगति ३९ प्रतिशत

**काठमाडौं/मस** – नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक महत्व बोकेको काठमाडौं-तराई मधेस द्रुतमार्गका भौतिक प्रगति ३८.२६ र वित्तीय प्रगति ३९.८४ प्रतिशत पुगेको छ ।




नेपाली सेनाको २६२ औं स्थापना दिवसका अवसरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा कुल ७०.९७७ किमी दूरीको उक्त आयोजनाअन्तर्गत रहेका सात सुरुङमध्ये दुईवटा 'ब्रेक थ्रु' भइसकेका र दुईवटा निर्माणाधीन रहेका जानकारी दिइयो ।

अन्य तीनवटा सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य भइरहेको आयोजना प्रमुख कमलविक्रम शाहले जानकारी दिए । विभिन्न कारणले उक्त आयोजनाको भौतिक प्रगति अपेक्षाअनुसार नभए पनि लक्ष्यअनुसार कार्य सम्पन्न गर्न कोसिस भइरहेको उनले बताए ।

आयोजनाको प्रस्थान विन्दु खोकनामा जग्गा प्राप्तिसम्बन्धी विवाद अझै टुंगिसकेको छैन । राजधानीबाट तराई जोड्ने छोटो दूरीको उक्त आयोजना सम्पन्न भएपछि तराईबाट काठमाडौं ल्याउन सामानको ढुवानी लागत घट्ने मात्र नभइ मुलुकको समग्र आर्थिक विकासमा कायापलट हुने अपेक्षासहित आयोजना प्रारम्भ गरिएको हो । उक्त आयोजना नेपाली सेनाले आगामी २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको प्रमुख शाहले बताए ।

यसैबीच मुलुकमा सुरक्षा, रक्षा तथा प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन गराउने उद्देश्यका साथ निर्माण सुरु गरिएको प्रतिरक्षा विश्वविद्यालयको हालसम्मको भौतिक प्रगति ३०.५२ र वितीय प्रगति २५.७५ प्रतिशत रहेको सो अवसरमा जानकारी दिइएको थियो ।

यस्तै, सैनिक कल्याणकारी कोषको बचत ८७ अर्ब १ करोड रुपैयाँ पुगेको छ । २०३२ सालमा १ करोड २४ लाख रुपैयाँबाट सुरु भएको कल्याणकारी कोष २०८१ साल पौष मसान्तसम्म आइपुग्दा बचत ८७ अर्ब १ करोड रुपैयाँ पुगेको सेनाको भनाइ छ ।

जसमध्ये बैंक तथा वित्तीय संस्थाहरूमा नगद मौज्दात ७९ अर्ब २८ करोड ५६ लाख रुपैयाँ र विभिन्न परियोजनाहरुमा लगानी ७ अर्ब ७२ करोड ४४ लाख रहेको सेनाको भनाइ छ ।

यद्यपि निक्षेपको प्रतिशतमा आएको गिरावटले नेपाली सेनाका सेवाग्राही लक्षित कल्याणकारी कार्यहरू तथा सार्वजनिक दायित्वहरू प्रभावित हुने देखिएको सेनाको भनाइ छ ।

कोषको लगानीको रूपमा रहेको ७ अर्ब ७२ करोड ४४ लाख रुपैयाँमध्ये नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा रु २ अर्ब ३० करोड ९४ लाख र कल्याणकारी भवन तथा त्रिचन्द्र मिलिटरी हस्पिटलमा मात्रै १ अर्ब ६० करोड ६० लाख लगानी भएको छ ।

## अपराधको ...

भएका थिए । भ्वाइस अफ चिल्ड्रेनले सन् २०२३ मा कोशी र बाग्मती प्रदेशमा बालबालिका र सम्बन्धित परिवारसँग गरेको सर्वेक्षणले पनि साइबर अपराधको जालोमा महिला तथा बालबालिका परिरहेका निष्कर्ष निकालेको थियो ।

सर्वेक्षणअनुसार सामाजिक संजालबाट यौनजन्य सन्देश पठाउने, अश्लील फोटो र अन्य दुर्व्यवहारजन्य भिडियो पठाउनेहरू बढी छन् भने सामाजिक संजालमा विभिन्न प्रलोभन देखाएर ठगी गर्नेहरू पनि छन् ।

## पूर्वराजाको...

जनतामाथिको अपमान हो', एमाले सांसद बाँस्कोटाले भने ।

कांग्रेस र एमाले सांसदले शाहको सन्देशप्रति सदनबाट आपत्ति जनाएसँगै राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले नेपाली कांग्रेस र नेकपा एमालेले राजा चाहिँदैन भनेको नसुहाउने भन्दै प्रतिकार गरे । 'आज माओवादीले राजा चाहिँदैन भन्दा सुहाउँछ तर राजाको पालामा प्रधानमन्त्री खाएका, राजाका अगाडि पाउमा दाम चढाउनेहरूले आज यहाँ राजाको विरोध गर्न पाइँदैन', आइतबार संसद्मा बोल्दै सांसद शाहीले भने ।

एमालेका तत्कालीन महासचिव मदन भण्डारीले समेत 'एउटा राजा रहँदैमा र नरहँदैमा केही फरक नपर्ने तर सामन्तवाद रहिरह्यो भने त्यसले फरक पार्छ' भनेको कुरालाई सांसद शाहीले स्मरण गराए ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिनिधिसभामा आकस्मिक समयमा बोल्दै राजालाई राज्य संचालन र राजनीतिमा पूर्वराजालाई स्पेस दिनुपर्छ भनेको बताए । 'म पूर्वराजालाई राजनीति र राज्य संचालनमा स्पेस दिनुपर्छ भन्ने पार्टीको अध्यक्ष हुँ', लिङ्देनले भने, 'तसर्थ, मलाई जसले जति विरोध गरोस्, गणतन्त्र जसले लडेर ल्याएको होस् या विदेशीको बुई चढेर ल्याएको होस् विरोध गरिरहन्छु ।'

पूर्वराजा शाहको सन्देशसँगै राप्रपा नेपालले पनि सकारात्मक टिप्पणी गरेको छ । अध्यक्ष कमल थापाले प्रजातन्त्र दिवसको अवसरमा पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिक दलहरूसँग सहकार्यको प्रस्ताव गर्नु सकारात्मक भएको बताए । उनले भने, 'अब यो देश जोगाउन प्रजातन्त्रका लागि अपरिहार्य राजनीतिक दलहरू र लामो समय देशभक्तिपूर्ण ऐतिहासिक विरासत बोकेको राजसंस्था आएर आपसी विश्वासका साथ सहकार्यको लागि विलम्ब गर्नु हुँदैन ।'

## प्रमाणबिनाका...

गर्नुपर्ने अवस्थामा सहजीकरण हुन नसकेको व्यवसायीहरूको गुनासो बढेका कारण पनि महानिर्देशकको ध्यानाकर्षण गराउनुपरेको कटुवालले बताए ।

उनले भने, 'उजुरीहरू मुख्यतः केही अनधिकृत व्यक्ति तथा समूहहरूले आफ्नो स्वार्थ पूर्तिका लागि दर्ता गर्ने गरेका छन् । केही मिडियाकर्मी, सामाजिक अभियन्ता वा अन्य तेस्रो पक्षका व्यक्तिहरूले उक्साहटमा पारेर पनि दर्ता गरिएका उजुरीहरूले व्यवसायीहरूलाई मानसिक तनाव र आर्थिक नोक्सानी पुऱ्याएका छन् ।'

अनधिकृत उजुरी रोक्न उजुरीकर्ताको परिचयपत्र तथा पीडितसँगको सम्बन्ध अनिवार्य गर्ने व्यवस्था आवश्यक भएको ध्यानाकर्षणपत्रमा उल्लेख गर्दै संघले बिनाआधार र बिनाप्रमाणका उजुरीहरू दर्ता हुने र अनधिकृत व्यक्तिहरूलाई विभागका कार्यकक्षमा नै निर्विवाद रूपमा प्रवेश दिँदा गलत नियत भएका व्यक्तिहरुले त्यसलाई व्यक्तिगत लाभका लागि दुरुपयोग गरी वास्तविक समस्यामा रहने श्रमिक तथा पीडितहरूले न्याय नपाउने अवस्था उत्पन्न हुने बताएको छ ।

महानिर्देशक खत्रीलाई बुझाएको ध्यानाकर्षणपत्रमा अनधिकृत व्यक्तिहरूको पहिचान गर्न परिचयपत्र, पीडितहरूसँगको सम्बन्ध स्पष्ट गर्नुपर्ने भन्दै संघले उजुरी दर्ता गर्नुअघि अनिवार्य रूपमा मेलमिलापको प्रक्रियालाई अघि बढाउन पनि आग्रह गरेको छ ।

प्रारम्भिक छलफल नगरी उजुरी दर्ता गर्दा विशेषगरी व्यक्तिगत लेनदेन र अन्य विभिन्न प्रकारका कारोबारलाई समेत वैदेशिक रोजगारीको आवरण दिने गरिएको भन्दै कार्यबाहक महासचिव कटुवालले इजाजतवाला संस्थाहरूका विरुद्धमा उजुरीहरू दर्ता गर्नुअघि प्रमाणको आधार अनिवार्य बनाउन सकिए मात्र वैदेशिक रोजगारका सन्दर्भमा श्रमिकहरूका वास्तविक समस्याहरूको समाधान हुने दाबी गरे ।

मेलमिलाप कक्षमा छलफल गरिएमा उजुरीहरूको वास्तविकता प्रस्ट हुने र समस्या समाधानको पहिलो प्रयास हुने संघको भनाइ छ ।

जबाफमा महानिर्देशक खत्रीले विभागले सकेसम्म प्रमाण हेरेर नै उजुरी दर्ता र कारबाही गर्ने गरेको बताए । संघका सुझावहरूलाई गम्भीरताका साथ लिई व्यवसायीका समस्याहरू समाधान गर्ने आश्वासन पनि दिए ।

संघका कार्यबाहक महासचिव कटुवालको नेतृत्वमा गएको व्यवसायी टोलीमा संघ कार्यसमिति सदस्य राजेन्द्र बस्नेत, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका सचिव तुलसी पुरी एसोसिएसन कार्यसमिति सदस्यीय विद्यालक्षी बज्राचार्य र संघको मेलमिलाप प्रतिनिधि व्यवसायी नरेश पुनलगायतको सहभागिता थियो ।

## बेलायतमा...

विवरण खुलाई अनलाइन माध्यमबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगमा पेस गर्न सक्ने व्यवस्था छ ।

हाल केही व्यक्तिहरूले बेलायतमा मौसमी कामदार खुलाएको भन्दै रकम उठाउने गरेको सार्वजनिक भएपछि विभागले आइतबार सूचना जारी गरी सचेत रहन आग्रह गरेको हो ।

## ६३१ स्थानीय...

महिला र ७ जना बालबालिका गरी ८७ जना घाइते भएका छन् । आगलागीका कारण १७ जना विस्थापित भएका छन् ।

प्रहरीका अनुसार देशभर आगलागीका कारण ६८ घर र ६६ वटा गोठ जलेका छन् भने यस अवधिमा २४७ वटा चौपाया जलेर मरेका छन् ।

ती घटनाहरूमध्ये सबैभन्दा धेरै कोशी प्रदेशमा १२९ ठाउँमा आगलागी भएको छ ।

त्यस्तै, मधेशमा ८९, बाग्मतीमा ४२, उपत्यकामा ३७, गण्डकीमा ३९, लुम्बिनीमा ६३, कर्णालीमा ४७ र सुदूरपश्चिममा ४७ वटा आगलागीका घटना भएका छन् ।

### दमकलविहीन स्थानीय तह

आगलागी र वन डढेलोको प्रकोप नियन्त्रणको एकल अधिकार स्थानीय सरकारसँग छ । तर, कुन हदसम्मको विपद् स्थानीय तहको जिम्मा हो भन्ने स्पष्ट छैन । न त स्थानीय सरकारसँग विपद्का बेला त्यसलाई नियन्त्रणमा लिन सक्ने दक्ष जनशक्ति, उपकरण र स्रोत-साधन नै छन् ।

७५३ स्थानीय तहमध्ये ६३१ वटासँग दमकलसमेत छैन । अहिले देशभर आगलागी र डढेलो भयावह बन्दा स्थानीय सरकारले जेनतेन आफ्नो उपस्थिति देखाए पनि प्रदेश र संघ सरकार नागरिकको दुःखमा बेखबर छन् ।

आगलागीपीडितलाई दाताहरूको सहयोगमा केही तात्कालिक राहत सहयोग गरिए पनि स्थानीय र प्रदेश सरकारले गम्भीरतापूर्वक पहलकदमी लिएको पाइँदैन ।

'आगलागीका घटना भइहालेमा पहिलो चुनौती कठिन भूगोल छ । दोस्रो स्थानीय सरकारसँग स्रोत-साधन र जनशक्ति अभाव छ । त्यसैले विपद्का यस्ता घटनामा स्थानीय तहका पदाधिकारीहरू नै खटिएर नागरिकको दुःखमा सँगसँगै छौं भनेर सान्त्वना दिनुपर्ने बाध्यता छ', डढेलोविज्ञ डा. कृष्ण भुजेल भन्छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका डढेलो विज्ञ सुदीप छत्कुलीले आगलागीबाट नेपालमा १३ जिल्ला अतिसंवेदनशील र ११ जिल्ला संवेदनशील रहेका बताए । 'पछिल्लो समयमा डढेलो बढ्दै जानु चुनौतीको विषय बनेको छ', उनले भने, 'तर पनि कुनै न कुनै रूपमा आगलागी र डढेलोले देश नै प्रभावित हुने गरेको छ ।'

### निरीह प्रदेश

आगलागीको विपद् व्यवस्थापनमा सबैभन्दा निरीह प्रदेश सरकार देखिएका छन् । स्थापनाको ७ वर्षमा कर्णाली प्रदेश सरकारले बल्ल वन डढेलो नियन्त्रणसम्बन्धी रणनीति बनाउने सुरसार गरिरहेको छ भने मधेश सरकारसँग टालटुले जबाफ मात्र छ ।

पालिकाको एकल अधिकारमा रहेको आगलागीका घटना नियन्त्रण र व्यवस्थापनका लागि संघ र प्रदेशले स्थानीय सरकारलाई सबलीकरणमा पटक्कै ध्यान दिएका छैनन् । साझा दायित्व भएकाले संघ र प्रदेशले पनि स्थानीय सरकारको क्षमता अभिवृद्धि गरिदिनुपर्ने सुझाव विपद् प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलको भनाइ छ ।

### किन हुन्छ आगलागी ?

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अध्ययनअनुसार विद्युत् सर्ट, ग्यास चुहिएर र जाडोमा आगो ताप्दा असावधानीलगायत कारणले आगलागीका घटना बढिरहेका छन् ।

दैनिक आगलागीका घटना भइरहेकाले आगो, विद्युत् तथा ग्यासका सामग्री प्रयोग गर्दा विशेष सावधानी अपनाउन प्राधिकरणले अनुरोध पनि गरेको छ ।

प्राधिकरणले यस वर्ष आगलागी तथा डढेलोको जोखिम धेरै हुन सक्ने अनुमान गरेको छ । पानी कम परेको र हावामा सुख्खापन बढी रहेका कारण आगलागी तथा डढेलो लाग्ने जोखिम धेरै रहेको प्राधिकरणको भनाइ छ । यस वर्षको हिउँदमा अत्यन्तै कम पानी परेको छ । त्यसैले हावामा सुख्खापन बढी छ, जसका कारण आगलागीका घटनामा वृद्धि भएको छ ।

सुख्खाका कारण जंगलका पातपतिंगर सुकेको र त्यसलाई आगोको सानो झिल्कोले टिप्न सक्ने भएकाले भीषण डढेलोको जोखिम रहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताए । त्यसैले विगतभन्दा यस वर्ष आगलागी बढी हुन सक्ने उनको अनुमान छ ।

प्राधिकरणका अनुसार यस वर्षको हिउँदमा २५ प्रतिशत मात्र वर्षा भएको छ । नेपालका लागि मार्च प्रि-मनसुनको महिना हो । तर, यस पटक जम्मा २५ दशमलव ६ प्रतिशत मात्र वर्षा भएको छ, जुन गत वर्षको तुलनामा अन्यन्त न्यून हो । वर्षा नहुनु र हावामा सुख्खापन बढ्नुमा जलवायु परिवर्तन नै मुख्य समस्या रहेको पोखरेलको भनाइ छ ।

जल तथा मौसम विज्ञान विभागको तथ्यांकअनुसार यस पटक अत्यन्तै कम वर्षा भएको देखिन्छ । नेपालमा पोस्ट मनसुन भनेर १५ असोजदेखि १५ मंसिरसम्मको अवधिलाई लिइन्छ । यस अवधिमा सरदर नेपालमा ९० मिलिमिटर पानी पर्ने गर्छ । तर, यस वर्ष जम्मा २३ दशमलव १ मिलिमिटर अर्थात् २५ दशमलव ६ प्रतिशत मात्र वर्षा भयो ।

हिउँदयाम नेपालमा १६ मंसिरदेखि १५ फागुनसम्मको अवधिलाई लिइन्छ । यस अवधिमा सरदर ६० दशमलव ९ मिलिमिटर पानी पर्नुपर्छ । तर, यस वर्षको हिउँदमा मात्र १५ दशमलव ४ मिलिमिटर अर्थात् सरदर २५ दशमलव ३ प्रतिशत वर्षा भएको छ ।

यस्तो अवधिमा आगलागी हुने, जमिनमा सुख्खापन आउने र उत्पादन घट्ने जोखिम छ ।

### काठमाडौंमा धेरै घटना

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार १० वर्षको अवधिमा देशभर आगलागीका १५ हजार २४६ घटना भएका छन्, जसमा ६८९ जनाको मृत्यु भएको छ । घाइते हुनेको संख्या २ हजार ३४ छ । आगलागीबाट यस अवधिमा १९ अर्ब ४१ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

प्राधिकरणको तथ्यांकअनुसार १० वर्षको अवधिमा सबैभन्दा धेरै आगलागीको घटना काठमाडौं जिल्लामा भएको छ । यस अवधिमा काठमाडौंमा १ हजार २२२ घटना भए, जसमा ५२ जनाको मृत्यु भएको छ । २९१ घाइते भएका छन् ।

आगलागी हुने दोस्रो ठूलो जिल्ला मोरङ हो । यस अवधिमा मोरङमा ८९७ आगलागीका घटना हुँदा २२ जनाको मृत्यु भएको छ । यस्तै, ९१ जना घाइते भएका छन् । सबैभन्दा धेरै आगलागी हुने जिल्लामा सप्तरी पनि पर्छ ।


## कुवेतमा रोजगार

कम्पनी : SHUKO MAKO GENERAL TRADING COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/११ चलानी नं.: ६०२३३४९८ LT. No.: 319240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SERVICE CREW | 12 | 3 | स. काममा दक्ष | 135 | ६०,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १९ गते (3 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः०१४९५७०४७, मोबाईलः ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## UAE मा रोजगार

कम्पनीः ARABIAN CONSTRUCTION COMPANY WLL
पूर्व स्वीकृत मितिः २०८१/११/११ चलानी नं.: ६०२३३५०३ LT. No.: 319306 शहरः Abu Dhabi

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 900 | ३३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः AASA MIDDLE EAST CONTRACTING CO LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५८३ LT. No.: 308795 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Out Door) | 48 | 0 | स. काममा दक्ष | 800 | ३०,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १९ गते (3 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330, 9818750078
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015



नेपाल सरकार

## राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

कार्यक्रम कार्यन्वयन इकाई

जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०८१/११/१२ गते

यस कार्याक्रम कार्यान्वयन इकाईबाट मिति २०८१/०९/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार PPMO's web site,www.bolptra.gov.np/egp मार्फत दर्ता भई खोलिएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा तपशिलमा उल्लेखीत फर्महरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसील**

| ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कवोल रकम (मु.अ. कर पि. एस बाहेक) | कैफियत |
|---|---|---|---|---|
| PIUJ/NCB/WORK/03/2081/082 | Torrentz Treatment,in place of Chandrapur municipality ward no.03,Dumrekhola, Rauthat, left side of river. | A.B.Construction, Rautahat | 19,46,835.50 | |
| PIUJ/NCB/WORK/04/2081/082 | Embankment construction in place of Ekdara Rural Municipality WardNo.06, Bagiyaiya, Mahottari, Righ side of river. | Chure Construction and Suppliers,Ekdara | 17,06,620.00 | |
| PIUJ/NCB/WORK/05/2081/082 | Torrentz Treatment, in place of Chandrapur municipality ward no.03 Tileshwornath sa.ban., Rauthat, right side of river. | A.B. construction,Rautahat | 15,51,560.50 | |
| PIUJ/NCB/WORK/06/2081/082 | Torrentz Treatment,in place of Kamalamai municipality ward no.03, Sukekhola temple, Sindhuli, left side of river. | Kuwar construction, Dhanusha | 13,40,730.00 | |
| PIUJ/NCB/WORK/07/2081/082 | Torrentz Treatment, in place of Hariwon municipality ward no.08, Chapini river banbatika East, Sarlahi, righ side of river. | R.D Engineering and construction pvt.ltd | 14,96,353.00 | |
| PIUJ/NCB/WORK/08/2081/082 | Bank Strengthening work,in place of Bideha Municipality ward no.09, Dhanusha, Badka toll, Near Mahadev temple | Shatyam construction, Dhanusha | 13,46,781.75 | |

इकाई प्रमुख

# मध्यान्ह दैनिकले मनायो २२औं स्थापना दिवस















**काठमाडौं /मस-** मध्यान्ह राष्ट्रिय दैनिकले स्थापनाको २३औं वर्ष प्रवेशको उपलक्ष्यमा आइतबार काठमाडौंमा शुभकामना तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्य र सूचना तथा संचारमन्त्री पृथ्वीसुब्बा गुरुङको विशेष आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

मध्यान्ह दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, विज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले मध्यान्ह दैनिकको २३ वर्षमा प्रवेशका उपलक्ष्यमा शुभकामना व्यक्त गरे।

सोही अवसरमा मध्यान्ह दैनिकले उत्कृष्ट १० विज्ञापनदाता एजेन्सीहरूलाई पनि सम्मान गरेको छ। १० उत्कृष्ट विज्ञापनदाता एजेन्सीहरूमध्ये आर. आर. एड मिडिया काठमाडौं सर्वोत्कृष्ट घोषित भयो।

यस्तै, त्रिलक्ष्मी एड्भरटाइजिङ सर्भिसेस प्रा. लि. काठमाडौं, भि-चित्र प्रा.लि. ललितपुर, त्रिकोण एड्भरटाइजिङ सर्भिस काठमाडौं, सनमुन मिडिया प्रा. लि. काठमाडौं, स्मार्ट क्रियटिभ मिडिया प्रा. लि. भक्तपुर, नमस्ते क्रियसन एन्ड एड्भरटाइजिङ प्रा. लि. काठमाडौं, फास्टेक मिडिया एजेन्सी, मोरङ, अपि विज्ञापन एजेन्सी कंचनपुर र युग पब्लिकेशन प्रा. लि. विराटनगर उत्कृष्ट विज्ञापन एजेन्सीका रूपमा सम्मानित भए।

यसैगरी मध्यान्ह दैनिकमा कार्यरत ७ कर्मचारीलाई कार्यसम्पादन मूल्यांकनका आधारमा नगदसहित सम्मानित गरियो।

सम्मानित हुनेहरूमा उपसम्पादक मुकुन्द लामिछाने, बजार व्यवस्थापक तुलबहादुर मगर, डेस्क सम्पादक दिवाकर अधिकारी, प्रमुख ग्राफिक्स डिजाइनर उत्तम कार्की, लेखा प्रमुख सागर तिमल्सिना, बजार प्रबन्धक विष्णुलक्ष्मी खरेल र वितरक कृष्णगोपाल तुलाधर छन्।

सम्मानित विज्ञापन एजेन्सी तथा कर्मचारीहरूलाई प्रमुख अतिथि सभामुख घिमिरेले सम्मानपत्र तथा कदरपत्र प्रदान गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख घिमिरेले मध्यान्ह दैनिक २३औं वर्षमा प्रवेश गरेकामा बधाई तथा शुभकामना व्यक्त गरे।

सभामुख घिमिरेले छापा माध्यमलाई पाठक केन्द्रित बनाउन आग्रह गरे। 'पत्रिकाले पाठकहरूको रुचि, प्राथमिकता र समस्याहरूलाई राम्रोसँग बुझेर सामग्री तयार गर्न सके पत्रिकाको भविष्य सुरक्षित गर्न सकिन्छ', उनले भने।

संसद्मा विचाराधीन प्रेससँग सम्बन्धित विधेयकहरूका विषयमा आफू जानकार रहेको भन्दै उनले संविधान तथा कानुनले दिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन हुनेगरी संसद्ले कुनै पनि कानुन निर्माण नगर्ने प्रतिबद्धता व्यक्त गरे।

संचारमन्त्री गुरुङले विज्ञापन वितरण प्रणालीलाई वैज्ञानिक, चुस्त र दुरुस्त बनाउन मन्त्रालयले काम गरिरहेको जनाउँदै सरकारले छुट्टै विज्ञापन नीति बनाउन लागेको बताए। मन्त्री गुरुङले डिजिटल पत्रकारितालाई नियमन गर्न सरकारले सामाजिक संजाल विधेयक ल्याउन लागेको सुनाए।

उनले सामाजिक संजाल विधेयक स्वतन्त्र पत्रकारिताको मुख थुन्न ल्याउन नलागिएको जनाउँदै सामाजिक संजालका माध्यमबाट सामाजिक सद्भाव खल्बल्याउने कार्यलाई नियन्त्रण गर्न ल्याउन लागिएको बताए।

उनले सामाजिक संजालको माध्यमबाट सामाजिक सद्भाव बिग्रँदै गएको र त्यसलाई नियमन गरिन लागिएकामा आपत्ति जनाउनुपर्ने कुनै कारण नरहेको जिकिर गरे।

प्रेस काउन्सिलका अध्यक्ष बस्नेतले सरकारले ल्याएको सामाजिक संजाल विधेयकको विरोध गर्नुपर्ने कुनै कारण नरेहेको बताउँदै यसमा थप बहस गर्नुपर्नेमा जोड दिए।

उनले भने, 'काउन्सिलले कार्य विधि बनाएर सामाजिक संजाल प्रयोगको नियमन गरिरहेको छ। सकारात्मक सोचले सामाजिक संजाललाई समाज र राष्ट्रमा सही सन्देश दिनेगरी प्रयोग गर्नुपर्छ', उनले भने।

पत्रकार महासंघका महासचिव दाहालले सरकारले ल्याएको सामाजिक संजाल विधेयकले लोकतन्त्रको हुर्मत लिएको टिप्पणी गरे।

मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले पत्रिका प्रकाशनको मुख्य आय विज्ञापन प्रकाशनको सुनिश्चितता गर्न सरकारले विशेष ध्यान दिनुपर्ने बताए।

त्यस अवसरमा मध्यान्ह दैनिकका कार्यकारी सम्पादक घनेन्द्र ओझाले धन्यवाद ज्ञापन गर्दै सम्पूर्ण विज्ञापनदाता, लेखक, पत्रकार, कर्मचारीको अथक मिहिनेत र जिम्मेवारीपूर्ण कार्यसम्पादनका कारण आज मध्यान्ह यहाँसम्म आइपुगेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेश समितिका अध्यक्ष रोयल आचार्य, प्रेस चौतारी नेपालकी उपाध्यक्ष देविका घर्ती मगर, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, मिडिया एलायन्स नेपालका अध्यक्ष भाष्कारराज राजकर्णिकार, नेपाल विज्ञापन संघ (आन)का अध्यक्ष सुदीप थापा, राष्ट्रिय विज्ञापन संघ नेपाल (नान)का अध्यक्ष धर्मेन्द्रकाजी श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो। कार्यक्रममा विज्ञापन एजेन्सी, सञ्चारकर्मीलगायतको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण विमल थापाले गरेका थिए। औपचारिक कार्यक्रमको समापनपछि मध्यान्ह दैनिकले रात्रि भोजको पनि आयोजना गरेको थियो।



## बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८१/११/१२**

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्रसँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. न. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | 52/NCB/BMO/KAPIL/WORKS/81-82 | Constrution of Two Storey Four Room RCC Building at Kamata School Ward 10, Shanti Ni.Ma.Vi Ward 4 and Bal Ma.Vi. Ward 1 | दिर्घायु कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि | १,४७,४१,१२७।२६ | |
| २ | 53/NCB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Agricultural Market, Ward 11 | कृष्ण बि.एल.जे.भी | २,३१,३२,४७९।९३ | |
| ३ | Re58/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of 4 No. Shine Bank Dekhi Uttar Jane bato, Ward 01 | खनाल सन्स बिल्डर्स एण्ड एसोसिएट | १०,०३,०१५।१३ | |
| ४ | Re59/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Aadibasi Adhuro Vawan Nirman, Ward 03 | बिन्ध्यवासिनि निर्माण सेवा | ९,९९,१५७।८४ | |
| ५ | Re60/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Agricultural Building at Office | न्यू अजय निर्माण सेवा | ११,४६,०९८।१३ | |
| ६ | Re61/SQB/BMO/KAPIL/GOODS/81-82 | Supply and Delivery of CGI Sheet | रेसुङ्गा कन्ट्रक्सन | ४,०६,७५९।३२ | |
| ७ | 73/SQB/BMO/KAPIL/WORKS/81-82 | Patna Ward Office Najik Culvert Nirman, Ward 10 | शिव ज्योति कन्ट्रक्सन एण्ष सप्लायर्स प्रा. लि | ८,५२,२४७।९३ | |
| ८ | 74/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Baksispur Aduro Sadak, Ward 9 | न्यू अजय निर्माण सेवा | १२,४३,८८०।९० | |
| ९ | 75/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works Bathanpura Chowk Dekhi Jhunga Jane Bato, Ward 1 | शिव ज्योति कन्ट्रक्सन एण्ष सप्लायर्स प्रा. लि | ६,८२,०७३।१५ | |
| १० | 76/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works Bisanpura Purano Dihidekhi Jhunga Jane, Ward 2 | श्री स्टार कन्ट्रक्सन | ६,०४,१४६।१९ | |
| ११ | 78/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Kapildham Prakritik Sikikhsa Sewa Nirman, Ward 9 | एम.डि. निर्माण सेवा एण्ड सप्लायर्स प्रा. लि | ८,२०,८१२।९९ | |

गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
## पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
मुस्ताङ

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/११/१२**

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्यको लागि मिति २०८१/१०/०६ गतेको सौर्य अनलाइन रार्षट्रिय दैनिकमा E–Bidding मार्फत सिलाबन्दी दरभाउपत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र E–Bidding मार्फत सम्बन्धित योजनाहरुको लागि प्राप्त दरभाउपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताहरुको सबैभन्दा कम कबोल अंक भएको र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ।

| क्र. मं. | योजनाको नाम | बोलपत्र नं. (Contract ID) | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (मु. अ. कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | Construction of Stairs and Other Infrastructure Works, Varagung Muktichheketra Ga. Pa.-01, Muktinath | IDO/MUSTANG/ SQ/W/R/01/081-82 | M/s Khinga Construction Pvt. Ltd. Varagung Muktichhetra, Mustang | 1,570,060.00/- | Re-Bid |
| 2 | Construction of Internal road in Gharapjhong Historical Gaun, Gharapjhong Ga. Pa.-05, Thini | IDO/MUSTANG/ SQ/W/R/02/081-82 | M/s Dhorje Phurba Nirman Sewa, Gharapjhong-05, Mustang | 1602896.20/- | |

कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय,मुस्ताङ

मध्यान्ह
www.madhyanhadaily.com
१२ फागुन २०८१ सोमबार
24 February 2025, Monday

सम्पादकीय

## गैरजिम्मेवार प्रवृत्तिको संकट

राजधानी उपत्यका रहेको महानगर काठमाडौंको रिक्त प्रमुख प्रशासकीय अधिकृतको विषय संघीय संसद् बैठकसम्म पुगेको छ। राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्रबहादुर शाहीले काठमाडौं महानगरको प्रमुख प्रशासकीय अधिकृतबारे सरकारको ध्यानाकर्षण गराएका थिए। उनको आरोप छ- प्रधानमन्त्रीले नियोजित रूपमै प्रमुख प्रशासकीय अधिकृत नपठाउनु गल्ती हो। काठमाडौं महानगरका मेयर बालेन शाहसँग टकराव भएकै कारण प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमुख प्रशासकीय अधिकृत नपठाएको सांसद शाहीको तर्क छ। मेयर बालेनले पनि सरकारले प्रमुख प्रशासकीय अधिकृत नपठाएर असहयोग गरेको सन्देश बेलाबेला सार्वजनिक गर्दै आएका छन्। बालेनले गत २४ पुसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेख्दै प्रमुख प्रशासकीय अधिकृत पठाइदिन माग गरेका थिए।

तर, सरकारले भने काठमाडौं महानगरको प्रमुख प्रशासकीय अधिकृत पद रिक्त नभएकाले अर्को व्यक्ति पठाउन नसकिने तर्क गर्दै आएको छ। अहिले पनि महानगरबाट कारबाही सिफारिस भएका सरोज गुरागाईंको दरबन्दी काठमाडौं महानगर नै छ। काठमाडौं भ्यु टावरको नक्सा पासबारे भएको निर्णय कानुनबमोजिम नगरिएको आरोपसहित गुरागाईंमाथि महानगरले कारबाही सिफारिस गरेको थियो। उनीमाथिको छानबिन टुंगिएको छैन। त्यसैले महानगरको प्रमुख प्रशासकीय अधिकृतबारे नयाँ निर्णय हुन सकेको छैन। यो अवस्थालाई मेयर बालेन र दलहरूले आ-आफ्ना तरिकाले व्याख्या गरिरहेका छन्। एकअर्काविरुद्ध आरोप लगाइँदै छ। विशेषगरी प्रधानमन्त्री ओली नेतृत्वको नेकपा एमाले भर्सेस मेयर बालेन जस्तो भइरहेको छ।

महानगर प्रशासकीय नेतृत्वविहीन हुनुको नोक्सान भने महानगरबासीले खेप्नुपरिरहेको छ। प्रशासनिक नेतृत्व गरी हस्ताक्षर गर्नुपर्ने कामहरू अगाडि बढ्न सकेका छैनन्। विशेषगरी विकास निर्माणका काम रोकिएका छन्। अरू समस्या थपिँदै जाने लगभग पक्का छ किनकि प्रधानमन्त्री ओली र मेयर बालेनले महानगरको कामलाई राजनीतीकरण गरिरहेका छन्, जबकि सेवा प्रवाह र विकास निर्माणका कामहरूमा संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय हुनुपर्ने हो। संविधानका अनुसूचीहरूमा समन्वयको विधि प्रस्ट छ। तर, स-साना कुरामा राजनीति हुँदा एकपछि अर्को समस्या आइरहेको छ। यो भनेको गैरजिम्मेवार र गैरजबाफदेही राजनीतिक प्रवृत्ति हो। प्रधानमन्त्री ओली र मेयर बालेनले एक पटक यसबारे सोच्न आवश्यक छ।

# 'कु'शासनको धार र व्यवस्थामाथिको प्रश्न


राजनीतिक तानातानको विषय नबनाई राष्ट्रिय सर्वोपरि हितलाई केन्द्रमा राखेर अघि बढ्दा सहजै नेपालले प्रश्नबाट पार पाउन सक्ने प्रशस्त आधार छन् । तर, तरल राजनीतिक प्रणाली, आरोप-प्रत्यारोपको विकास र सत्ता स्वार्थका लागि जस्तोसुकै कदम चाल्ने विषयले यसको असहजता भने प्रस्टै देखिन्छ...

अग्रलेख



● टीकाराम खड्का

मुलुक द्वन्द्वले सिर्जित समस्याबाट धेरै गुज्रिसकेको छ। अब पनि यस्तो काम गर्ने प्रयास नगरियोस्। राजनीतिक नेतृत्वले सचेतता अपनाओस्। द्वन्द्व र विद्रोह होइन, विकास र समृद्धि अबको आवश्यकता हो...



संविधानको कार्यान्वयन, कानुनको पालना, सुशासन कायम र भ्रष्टाचार नियन्त्रणमा मूल नेतृत्व चुकेकामा शंका छैन। नागरिक सर्वोच्चता कायम गर्न यस्ता कामहरूको पहलकदमी राज्यले लिनुपर्ने हो तर यस्तो हुन सकेको देखिन्नँ। नेपाल 'ग्रे लिस्ट'मा परेको छ। वित्तीय अपराध, सम्पत्ति शुद्धीकरणमा कमजोर कार्यसम्पादनलगायतका कामले पनि नेपालमाथिको विश्वास जागृत हुन सकेको छैन।

राजनीतिक क्रियाकलापसँग जोडिएका गतिविधिमार्फत आतंककारी क्रियाकलापमा वित्तीय लगानी भइरहेको विषयलाई नेपालले पहिचान गर्न नसकेको, गैरवित्तीय पेसा व्यवसाय (नन्फाइनान्सियल बिजनेस एन्ड प्रोफेसन्स)लाई नियामक निकायले दायरामा ल्याउन नसकेको, सम्पत्ति शुद्धीकरण मामलामा नेपाल उच्च जोखिममा रहे पनि त्यसको अनुसन्धान, जाँचबुझ तथा मुद्दा अभियोजन फितलो रहेको लगायतका विषयलाई केन्द्रमा राखेर ग्रे लिस्टमा परेको हो। यसको समाधान सहज पनि छ, अप्ठ्यारो पनि छ।

राजनीतिक तानातानको विषय नबनाई राष्ट्रिय सर्वोपरि हितलाई केन्द्रमा राखेर अघि बढ्दा सहजै नेपालले प्रश्नबाट पार पाउन सक्ने प्रशस्त आधार छन् । तर, तरल राजनीतिक प्रणाली, आरोप-प्रत्यारोपको विकास र सत्ता स्वार्थका लागि जस्तोसुकै कदम चाल्ने विषयले यसको असहजता भने प्रस्टै देखिन्छ।

उसो त यसअघि पनि नेपाल ग्रे लिस्टमा परिसकेको हो। ग्रे लिस्टलाई यहाँ उल्लेख गर्नुको एउटै कारण हो, सुशासनको पक्षमा काम गर्न सकिएन । कानुन कार्यान्वयनमा फितलो प्रदर्शन भयो । भ्रष्टाचार नियन्त्रणको विषय मौखिक रूपमा मात्र भयो। राजनीतिक प्रणालीको विकाससँगै आर्थिक क्षेत्रलाई पारदर्शी बनाउने काम गर्न सकिएन।

वित्तीय अपराधमा बैंकिङ क्षेत्र र सहकारी क्षेत्रको बढ्दो अनियमितता पनि कारण बन्यो। यस्ता विषयलाई निस्तेज पार्न अभियोजन, अनुसन्धान र प्रभावकारी कारबाही गर्न सकिएन। समग्रमा भन्दा, कानुनी राज्य स्थापित गर्न सकिएन।

यो विषयलाई पनि सामान्य नै मानौं। तर, राजतन्त्रात्मक व्यवस्था नै फालेको नेपालले यी विषयमा किन काम गर्न सक्दैन ? राजनीतिक स्थिरतासहित आपसी विश्वास, गठबन्धन संस्कृति, स्वार्थ प्रेरित विषयलाई शून्यमा झार्ने र नेपालको अन्तर्राष्ट्रिय साखमा आँच आउने कुनै पनि कुरामा एकमतले कानुनलाई काम गर्न दिने हो भने मात्र पनि समस्याको समाधान निस्किन थाल्ने छ।

तर, यस्ता विषयमा हाम्रो ध्यान नपुग्दा युवा पलायनको स्थिति भयावह बनिरहेको छ। श्रम र पसिनाको उचित मूल्य पाउन सकिएको छैन। श्रम बेच्नुपर्नेमा युवा नै बेच्नुपर्ने स्थिति बनिरहेको छ। अर्थतन्त्रलाई उत्पादनसँग जोड्न सकिएको छैन। बजारलाई आयातमुखी बनाउन खोजिएको छ। व्यावसायिक वातावरण पनि उत्पादन र रोजगारी सिर्जनाभन्दा पनि स्वार्थका इजाजतपत्र जस्ता बन्न पुगेका छन्।

यस्तै कारण र व्यवहारले हाम्रो राजनीतिक परम्परा लज्जित बन्न पुगेको छ। व्यस्थाविरुद्धका आवाजहरू बढ्न थालेका छन्। प्रतिगमनको शिर उठ्न थालेको छ। नागरिक सर्वोच्चता र सार्वभौमसत्ता जनतामा निहित हुने कुरालाई निश्चित वंशमा लैजाने विषय कति श्रेयकर हुन्छ ? यसका विभिन्न अवयवहरू देखिन सक्छन्। विश्वका केही मुलुकमा वंशीय शासन चलिरहेको छ। यसले उनीहरूको सोच, प्रणालीप्रतिको विश्वास र लोकतन्त्रप्रतिको दृढताका कारण पनि सफलताका कथाहरू छन्।

यद्यपि, विगतमा नेपालको वंशीय शासन प्रणालीबाट पनि माथि उल्लेखित उपलब्धिले कुनै स्थान बनाएनन्। त्यसैले पनि नेपालको धरातललाई हेर्ने हो भने राजनीति र समाज अग्रगमनको बाटोमै हिँड्नुपर्छ। जनताले गरेको निर्णयलाई उल्ट्याउने प्रयास नागरिक सर्वोच्चतामाथिको खतरा पनि हो।

### शैली र आचरण सुधारको आवश्यकता

राजनीतिक नेतृत्वले पछिल्लो समय एकअर्कालाई आरोपित गर्नुपर्‍यो भने भन्ने गरेका छन्- फलानो राजावादीसँगको हिमचिममा छ। ऊ व्यवस्थाविरोधी हो। यो क्रम बढेको बढ्यै छ। राजनीतिमा स्वच्छ आलोचना, प्रतिस्पर्धा र काम अनि एजेन्डाबाट जनतालाई सुसम्पन्न बनाउने अभ्यास सामान्य विषय हो। तर, किन राजनीतिक नेतृत्वले नै यस्तो गम्भीर विषयलाई संविधानसँगको सौदाबाजीको विषय बनाउँछ ? त्यो भने गहन विषय हो।

सरकारको नेतृत्व गरिसकेका र गरिरहेकाहरूले नै आरोपित गर्नुपर्‍यो भने भन्ने राजावादी र व्यवहारतः राजावादी हुने विषय फरक हो। राजावादी, राजसंस्था वा राजा नश्लीय शासन सत्ताको चरम रूप हो। वंशले राजकाज गर्ने विषय नै गलत र राजनीतिक दृष्टिकोणका हिसाबले पनि अस्वस्थ प्रणाली हो। जनताले आफ्नो शासक आफैं निर्वाचित गर्ने र गुण-दोषका आधारमा नेतृत्व चयन गर्न पाउने व्यवस्थाको विकल्प राजतन्त्र हुनै सक्दैन।

भ्रष्टाचार बढेको छ। सुशासन कायम गराउन सकिएको छैन। एकपछि अर्को गर्दै कुशासन र नीतिगत भ्रष्टाचारका विषय सार्वजनिक नभएका पनि होइनन्। तर, निर्बाध यस्ता नेतृत्वलाई आवधिक निर्वाचनबाट पराजित गरिदिए समस्या नै सकिन्छ भन्नेतर्फ अब पनि नागरिक सचेत किन नबन्ने ?

राजा भन्नेहरूले देशमा उद्योग, कृषि, घरजग्गादेखि सबै क्षेत्रमा लगानी गर्ने र अथाह सम्पत्ति थोपरेर जनतालाई दासको रूपमा व्यवहार गर्ने विषयसँग गणतन्त्रको तुलना गर्नु नै मूर्खता देखिन्छ। तर, मान्छेका आफ्ना मत र विश्वास हुन सक्छन्, ती कुरालाई सम्मान गर्नु राज्यको दायित्व हो।

यद्यपि, नागरिक सर्वोच्चता र सार्वभौमसत्ता जनतामै निहित हुनेगरी प्रणालीको विकासका लागि नेतृत्वले गम्भीरताका साथ कदम चाल्नै पर्छ। राजनीतिक नेतृत्वमा देखिएको दोषारोपण स्वस्थकर छैन। उनीहरूले गुण र दोषका आधारमा भन्दा पनि स्वार्थको हिसाब मिलान गर्न कदम चाल्ने र अभिव्यक्ति दिने गर्छन्। तर, यो लामो समयसम्म जानै सक्दैन।

नागरिक सचेतना फैलिएमा मतमार्फत यस्ता विषय आफैं हराउनेमा शंका छैन। एक-दुई निर्वाचनले निर्वाचित गर्दैमा त्यही सर्वश्रेष्ठ भन्ने पनि हुँदैन। तर, प्रणालीको रक्षा र संविधानको कार्यान्वयनमा राजनीतिक दलले अग्रसरता भने देखाउनै पर्छ। त्यो उनीहरूको न्यूनतम धर्म नै हो। अन्यथा, मुलुकले फेरि द्वन्द्वको सामना गर्नुपर्ने जोखिम आँकलन गर्न सकिन्छ।

### अबको कदम के ?

मुलुकले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशितालाई अंगीकार गरेको छ। जनताका छोरा-छोरीले निर्वाचनबाट आएर शासन गर्ने व्यवस्था छ। यसको परिमार्जन, शुद्धीकरण, संवर्द्धन र सबलीकरण पक्कै आवश्यक छ। तर, संविधान र शासन फेर्ने नाममा आन्दोलन र विद्रोह गरिरहनुपर्ने स्थितिको आवश्यकता छैन।

मुलुक द्वन्द्वले सिर्जित समस्याबाट धेरै गुज्रिसकेको छ। अब पनि यस्तो काम गर्ने प्रयास नगरियोस्। राजनीतिक नेतृत्वले सचेतता अपनाओस्। द्वन्द्व र विद्रोह होइन, विकास र समृद्धि अबको आवश्यकता हो। यसतर्फ सोचियोस्।

## इतिहासमा आज

२४ फेब्रुअरी १९२० मा जर्मनीको म्युनिखमा एडोल्फ हिटलरले नाजी पार्टीको स्थापना गरेका थिए।



२४ फेब्रुअरी १९८९ मा सबैभन्दा पुरानो डाइनोसरको जीवाश्म अण्डा (१५ करोड वर्ष) संयुक्त राज्य अमेरिकाको युटामा फेला परेको थियो।



२४ फेब्रुअरी २००८ मा क्युबाका क्रान्तिकारी नेता फिडेल क्यास्ट्रोले लगभग ५० वर्षपछि राष्ट्रपति पदबाट राजीनामा दिएका थिए।



२४ फेब्रुअरी २०२२ मा रुसले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई नवनाजी भएको आरोपसहित आक्रमण सुरु गरेको थियो।



# सरकारले नदेखेको प्रकाशहरूको आँसु

विचार



● खिमराज गिरी

यदि केही घटना भयो भने एउटा छानबिन समिति गठन गरिहाल्ने प्रवृत्ति छ तर भत्ता र सत्ताको सरोकारमा सीमित रहन्छ। नेपालको दूर दराजमा रहेका गाउँबस्तीहरूकामानिसका पीडालाई कहिल्यै सम्बोधन भएन...

केही महिनाअघि विद्या चापागाईं र उनको 'हेर्ने कथा' कार्यक्रमको टिमले प्रकाश तामाङको जीवनको वास्तविक कथाव्यथा पहिल्यायो। उनका लागि सहयोगी हातहरू लम्किरहेका जानकारी पनि दिए। आज प्रकाश जस्ता यो देशमा धेरै पात्रहरू छन्, जो जीवनको गोरेटोमा आँधी र तुफानका साथमा लडिरहेका छन्।

तिनको पहिचान गरी मानिसका न्यूनतम दैनिक आवश्यकता गाँस, बास र कपास साथै, शिक्षा, स्वास्थ्य तथा निष्पक्ष रूपमा रोजगारीका अवसरहरू दिलाउनुपर्ने दायित्व राज्यको हो। अझ एक अध्ययनले के देखाएको छ भने, नेपालीहरू खाना, नाना र छानाबाट पीडित होइनन् तर पीडित छन्। जब बिरामी भएर अस्पतालको बेडमा भर्ना हुन्छन्, तब हुनेखानेले त जति भने पनि अस्पतालको चार्ज रकम तिर्लान् तर गम्भीर रोग लागेर थला परेका गरिबहरूका लागि त अभिशाप नै बनेको छ।

आफन्तलाई पनि बिरामी उपचारमा नराखौं, पीडामाथि पीडाबोध। अनि, राखौं त एक रातमा लाखौं बिल भराइदिन्छ अस्पतालले। तैपनि, ठूलाबडा नेताको पावर लगाएर मात्र गम्भीर बिरामीलाई भर्ना गर्न सकिएला अन्यथा गरिब र पहुँच नहुनेहरूका लागि 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात्' जस्तो हो।

त्यस्तै, हिजोका दिनहरूमा सयौं दुःख कष्ट भोगेर दैनिक क्षण-क्षणमा हरेक क्षेत्रमा आँसुका तुफान बहाइरहेका ती प्रकाशको जीवनमा जसरी हेर्ने कथाका सारथिहरूले बदलिँदो खुल्ला आकाशको प्रतिबिम्ब छाइदिए, त्यसैगरी ती दूर दराजका असंख्य प्रकाशहरूको कथाव्यथामा बगिरहेको आँसुको मूल्यको दायित्व लिनुपर्ने राज्यले होइन र ?

आज जनताले तिरेको करले हरेक स्थानीय तह, प्रदेश तथा केन्द्रका जनप्रतिनिधि तथा सयौं प्रशासनिक कर्मचारीहरूको भविष्य निर्धारण भइरहेको छ तर निमुखा जनता गम्भीर रोग लागेर अस्पतालमा बस्नुपर्‍यो भने ५ दिनमा नै घरखेत जाने स्थिति रहन्छ। राज्यले यस विषयमा गम्भीर भएर किन सोच्दैन ?

अनि, विदेशमा जस्तो करमा कन्जुस्याइँ नगरी कमसेकम गम्भीर प्रकृतिका जोसुकै बिरामीको उपचार र २० वर्षभन्दा तल र ६० वर्षभन्दा माथिका जो कोहीलाई पनि जस्तोसुकै गम्भीर प्रकृतिको बिरामीको उपचार गर्ने व्यवस्था राज्यले मिलाउनुपर्ने होइन र ? अबको २०८४ सालको निर्वाचनको एजेन्डा पनि यही नै बनाउनुपर्छ, तब



मात्र निर्वाचनको समयमा उम्मेदवार छान्नमा जनताको पनि घैंटोमा घाम लाग्छ कि ?

यदि केही घटना भ्यो भने एउटा छानबिन समिति गठन गरिहाल्ने प्रवृत्ति छ तर भत्ता र सत्ताको सरोकारमा सीमित रहन्छ। नेपालको दूर दराजमा रहेका गाउँबस्तीहरूका मानिसका पीडालाई कहिल्यै सम्बोधन भएन। विविध कारणले घरायसी समस्या तथा पारिवारिक बोझ सहन नसकी बाध्यताबस विरक्तिएका ती मानिसका कथाव्यथा पहिचान गरी समस्या समाधान गर्नका लागि राज्य तथा सम्बन्धित निकायले किन मौनता साँधिरहेका छन् ? राज्यमा केही घटना भयो भने छानबिनका लागि कुनै आयोग गठन गर्ने संयन्त्रमा बस्न तँछाड मछाड हुने विज्ञको ध्यान यतातिर किन जाँदैन ?

आज यस सम्बन्धको मौनताबारे धेरै प्रश्नहरू खडा भएका छन् ताकि ती दूर दराजका प्रकाशहरूको आँसु राज्यले नदेखेपछि अरू झन् कसले देख्ने ? ती जनताको पीडाबोधमा राज्यको मौनता किन र कहिलेसम्म ?

